**निर्णयहरु (२०७९/०३/२८)**

१. आ.ब. ०७८/०७९ को समिक्षा सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा आ.ब. २०७८/०७९ को प्रगतिको अवस्था देहाय बमोजिम रहेको पाइयो । विगतको बजेट कार्यान्वयनको अवस्थाको सम्बन्धमा छलफल गर्दा आगामी आ.ब.को शुरुमै कार्ययोजना तयार गरी सोही अनुसार बजेट कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाउने सर्वसहमतिले निर्णय गरियो ।

देहाय

क) बिनियोजित बजेट : ४९,९०,४८,५९५
   चालु तर्फ : ३०,७४,०३,८८३
   पूंजिगत तर्फ : १९,१६,४४,७१२

ख) खर्च : ३८,८३,५४,६०९।१९ (७७.८१ प्रतिशत)
   चालु : २५,२८,२२,५६८।१९ (८२.२४ प्रतिशत)
   पूंजिगत : १३,५५,३२,०४१ (७०.७२ प्रतिशत)

ग) प्रदेश सरकारलाई फिर्ता : ११,१५,९९१

घ) नेपाल सरकारलाई फिर्ता : ५,०९,३९,५१४।६९

ङ) गाउँपालिका तर्फ खर्च हुन बाँकी (आ.ब. ०७८/०७९ को लागि अल्या) : ५,८१,७५,५०५।६९

च) राजस्व संकलन (अनुमान) : १,४३,१७,४०३

छ) राजस्व संकलन (बैंक दाखिला) : १,७१,८७,०७०।८७ (अनुमानको १२० प्रतिशत संकलन)

२. न्यायिक समिति गठन सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा नेपालको संविधानको धारा २१७(२) बमोजिम देहाय बमोजिमका पदाधिकारीहरुले मात्र न्यायिक समितिको सदस्यको लागि यस गाउँसभा बैठकमा उम्मेदवारी दिनु भएकोले निजहरुलाई न्यायिक समितिको सदस्यको रुपमा बहुमतले छनोट/निर्वाचित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

१) रामेश्वर खत्वे, वडा नं. २

२) अजिम मंसुरी, वडा नं. ५

३. कानूनी सल्लाहकार र सचिवालय सहयोगी नियुक्त गर्ने सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको कानूनी सल्लाहकार र अध्यक्ष उपाध्यक्षको सचिवालय पदमा देहाय अनुसारको ब्यक्तिहरुलाई मनोनयन गरी तल उल्लेख भए बमोजिमको सेवा सुविधा उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो । साथै आ.ब. ०७८/०७९ सम्म कार्यरत रहनु भएका कानूनी सल्लाहकार पंचदेव मेहतासंग पुनः करार सम्झौता नगर्ने ब्यबस्था मिलाउन कार्यपालिकालाई निर्देशन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

देहाय

| पद | नियुक्ति गर्ने ब्यक्तिको नाम | ठेगाना | नेपाल कानूनी ब्यवसायी परिषद कानून ब्याबसायी प्रमाणपत्र नं र जारी मिति | सेवा सुविधा | कैफियत |
|---|---|---|---|---|---|
| गाउँपालिकाको कानूनी सल्लाहकार | मणिराज दुलाल | साविक मधेशा-८, सुनसरी | ५९४४<br>२०५४।०५।२४ | मासिक रु १७,५०० र १ महिना बराबरको चाडपर्व खर्च | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बमोजिम (आ.ब. ०७९/०८० देखि लागु हुने गरी) |
| सचिवालय सहयोगी | निर्मला बस्नेत | साविक सिजुवा-८, मोरङ्ग | | दैनिक रु ५७७ का दरले | |

४. अध्यक्षज्यूको स्वकीय सचिव र सामाजिक परिचालकको सेवासुविधा सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा अध्यक्षज्यूको स्वकिय सचिवमा नियुक्त भएका सोहेल अख्तर अंसारी र यस कार्यालयमा कार्यरत सामाजिक परिचालक रामचन्द्रप्रसाद यादवलाई खरिदार वा सो सरहको सेवा सुविधा उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

५. सुनसरी खोलाबाट उत्पादित बालुवा विक्री गर्ने सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा सुनसरी खोला क्षेत्रको वातावरणीय अध्ययन गरी सो प्रतिवेदनको आधारमा देहाय बमोजिमको दस्तुर लिइ सुनसरी खोलाको बालुवा झिकि विक्री गर्ने सर्वसहमतिले निर्णय गरियो ।

देहाय

घ) प्रति ट्याक्टर २००

ङ) प्रति ट्रिपर ७००

च) प्रति हाइवा १०००

६. आयोजना तथा कार्यक्रमहरु फरफाराक गर्ने सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा चालु आ.ब.मा कार्यान्वयन भएका आयोजना तथा निर्माण कार्यहरुको फरफाराक गर्ने सर्वसहमतिले निर्णय गरियो ।

७. न्यायिक समितिको प्रतिवेदनको समिक्षा सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा न्यायिक समितिको तर्फबाट उपाध्यक्ष सुनिताकुमारी उराँवले पेश गर्नु भएको प्रतिवेदन अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

८. उच्च स्तरीय शैक्षिक सुधार अध्ययन कार्यदल गठन गर्ने सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा देहाय बमोजिमको उच्च स्तरीय शैक्षिक सुधार अध्ययन कार्यदल गठन गरी मिति २०७९।०३।३० देखि अनुगमन निरीक्षण कार्याशाला लगायतको कार्यको लागि विद्यालय, मदरसा, बालबिकासकेन्द्रमा खटाइ पठाउने श्रावण मसान्तसम्ममा सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा वुझाउन खटाइ पठाउने, कार्यपालिका उक्त प्रतिवेदनमा उल्लेखित सुझाव कार्यान्वयन गर्ने ब्यबस्था मिलाउने सर्वसहमतिले निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | धिरेन्द्रकुमार यादव | वडाध्यक्ष | संयोजक |
| २ | हरिकुमार खडका | शिक्षाप्रेमी | सदस्य |
| ३ | हरिगोविन्द यादव | शिक्षाप्रेमी | सदस्य |
| ४ | हरिनारायण यादव | शिक्षाप्रेमी | सदस्य |
| ५ | सुनिलकुमार साह | समाजसेवी | सदस्य |
| ६ | अमजद हुसैन | समाजसेवी | सदस्य |
| ७ | बसन्त प्रभा खनाल | प्रशासन शाखा प्रमुख | सदस्य |
| ८ | आरिफ अंसारी | संचारकर्मी | सदस्य |
| ९ | शिक्षा शाखा प्रमुख वा निजले तोकेको स्थायी कर्मचारी | शिक्षाअधिकृत | सदस्यसचिव |
| पुनश्च : सम्बन्धित वडाको जननिर्वाचित पदाधिकारी, वि.व्य.स. पदाधिकारी र प्रधानाध्यापकलाई आमान्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ । | | | |

९. हाटबजार ब्यबस्थापन सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा भोक्राहा नरसिंह गाउँपालिका क्षेत्र भित्र रहेको चिरौली चोकदेखि गाउँपालिका भवन आसपासको क्षेत्र भित्र बिहानको समयमा तरकारी तथा फलफुल हाट लगाउने ब्यबस्था मिलाउने सर्वसहमतिले निर्णय गरियो ।

१०. भोक्राहा नरसिंह गाउँपालिकाको शैक्षिक क्षेत्र सुधारको लागि प्रस्ताव गरिएको कार्यदिशा स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा देहाय अनुसारको कार्यदिशा स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

देहाय

**नीती : एक वडा एक सुधारिएको विद्यालय**

क) उच्च स्तरीय शैक्षिक सुधार कार्यदल गठन गरी प्रत्येक शैक्षिक संस्थाहरुमा अनुगमन, निरीक्षण, कार्यशाला गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने

ख) प्रतिवेदन अनुसार उल्लेखित शैक्षिक संस्थाहरुको शैक्षिक सुधार योजना बनाउने

ग) प्रत्येक वडाले एक/एक वटा विद्यालय छनोट गर्ने

घ) अध्ययन प्रतिवेदनको आधारमा अध्यक्ष शैक्षिक सुधार कार्यक्रम मार्फत वडाबाट छनोट भएको विद्यालयको भौतिक संरचना, शिक्षक दरबन्दी, विद्यार्थी प्रोत्साहन/आकर्षणको कार्यक्रम ल्याई शैक्षिक अवस्थाको सुधार गर्ने

ङ) छनोट भएको एक एक विद्यालयमा अंग्रेजी माध्यम पढाइ शुरु गर्ने

च) उत्कृष्ट विद्यालय वि.व्य.स., प्र.अ., शिक्षकलाई पुरस्कृत गर्ने

छ) शैक्षिक अवस्था कमजोर रहेको विद्यालयका शिक्षकहरुलाई अन्य विद्यालयमा स्थानान्तरण गरी क्षमता विकास गर्ने

ज) विद्यार्थी कम भएका विद्यालयहरु मर्ज गर्ने

झ) दरबन्दी मिलान गर्ने

ञ) नयाँ विद्यालय स्थापनका लागि विद्यालय नक्सांकन सम्बन्धी कार्य गर्ने लगायत ।

११. करार सेवामा कार्यरत कर्मचारी ब्यबस्थापन सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा करार सेवामा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुको गाउँपालिका अध्यक्षस्तरीय निर्णय अनुसार करार सम्झौता भंग गर्ने सर्वसहमतिले निर्णय गरियो ।

देहाय

क) कार्यालय समय र अनुशासनको पालना नगर्ने

ख) सरकारी गोप्य सूचनाहरु बाहिर सम्प्रेषण गर्ने

ग) कार्यक्षमता कमजोर भएका

घ) सरकारले तोकेको पोषाक नलगाउने

ङ) सरकारी सम्पत्ती संरक्षण नगर्ने

च) तोकिएको जिम्मेवारी समयमा कुशलतापूर्वक बहन नगर्ने

छ) सेवाग्राहीसँग शिष्ट ब्यहवार नगर्ने

ज) विदा स्विकृत नगराइ लामो समय सम्म अनुपस्थित रहने

१२. भुक्तानी सम्बन्धमा सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा चालु आ.ब. २०७८/०७९मा बजेट अभावको कारण भुक्तानी हुन नसकेका कामहरुको आगमी आ.ब. २०७९/०८०मा भुक्तानी गर्ने ब्यबस्था कार्यपालिकाले मिलाउने भनी सर्वसहमतिले निर्णय गरियो ।

१३. निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा मिति २०७९/०३/२१ गतेको कार्यपालिका बैठकको निर्णय अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

१४. दायित्व सार्ने सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाबाट कार्यान्वयनमा रहेको बहुबर्षीय आयोजनाहरुको कार्यसम्पन्न हुन बाँकी रहेकोले उक्त आयोजनाहरुको भुक्तानीको दायित्व आगमी आ.ब. २०७९/०८० मा सार्ने निर्णय गरियो ।